# रावा बेसी गाउँपालिका जगेडा शिक्षक कोष

# कार्यविधि-२०८०

रावा बेसी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हरमटार खोटाङ

कोशि प्रदेश,नेपाल

## रावा बेसी गाउँपालिका जगेडा शिक्षक कोष कार्यविधि-२०८०

### स्वीकृतमितिः२०८०।११।०४ गते

### परिच्छेद-१

**प्रस्तावनाः**

विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी दीर्घ रोग लागी लामो समयसम्म उपचार गर्न बिदामा बस्नु पर्दाको अवस्थामा र महिला शिक्षक प्रसुती बिदामा बस्नु पर्दाको अवस्थामा समेत शिक्षण सिकाइलाई निरन्तरता दिन बाञ्छनीय भएकोले **"जगेडा शिक्षक कोष कार्यविधि २०८०"** निर्माण गरी लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क)यो कार्यविधिको नाम **"जगेडा शिक्षक कोष कार्यविधि २०८०"** रहेको छ ।

ख)यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**१. परिभाषा र व्याख्याः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

क)"गाउँपालिका" भन्नाले रावाबेसी गाउँपालिका सम्झनु पर्छ ।

ख)"कार्यपालिका" भन्नाले रावाबेसी गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

ग) "शिक्षा समिति" भन्नाले रावाबेसी गाउँपालिकाको शिक्षा समितिलाई सम्झनु पर्छ ।

घ) "अध्यक्ष" भन्नाले रावाबेसी गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्छ । यो शब्दले गाउँ शिक्षा समिति अध्यक्षलाई समेत बुझाउँछ ।

ङ) "उपाध्यक्ष" भन्नाले रावाबेसी गाउँपालिकाका उपाध्यक्षलाई सम्झनु पर्छ ।

च) "अधिकृत" भन्नाले भन्नाले रावाबेसी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

छ)"शिक्षा अधिकृत" भन्नाले रावाबेसी गाउँपालिकाको शिक्षा अधिकृत सम्झनु पर्छ । यो शब्दले शिक्षा अधिकृतको काम गर्ने गरी जिम्मेवार प्राप्त शिक्षा सेवाको कर्मचारीलाई समेत बुझाउँछ ।

ज) "कोष" भन्नाले रावाबेसी गाउँपालिकाको जगेडा शिक्षक कोषलाई सम्झनु पर्छ ।

झ)"बालविकास सहजकर्ता" भन्नाले प्रारम्भिक बालविकास सहयोगी स्वीकृत दरबन्दी वा गाउँपालिका अनुदान कोटामा नियुक्त बालविकास सहयोगी सहजकर्तालाई सम्झनु पर्छ ।

ञ) "आधारभूत शिक्षक" भन्नाले साविक प्राथमिक र निम्न माध्यमिक तहको स्वीकृत, राहत र गाउँपालिका अनुदान कोटामा नियुक्त शिक्षकलाई सम्झनु पर्छ ।

ट) "माध्यमिक शिक्षक" भन्नाले साविक माध्यमिक र उच्च माध्यमिक तहको स्वीकृत, राहत र गाउँपालिका अनुदान कोटामा नियुक्त शिक्षकलाई सम्झनु पर्छ ।

ठ) "व्यवस्थापन समिति" भन्नाले नियमानुसार गठित विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

**३) समिति गठन गर्न सक्ने:**

**३.१ गाउँपालिका स्तरीय समितिः** यो कार्यविधिको उद्देश्य कार्यान्वयनका लागि गाउँपालिका अध्यक्ष वा गाउँ शिक्षा समितिको अध्यक्षको संयोजकत्त्वमा गाउँपालिका स्तरमा देहायबमोजिमको जगेडा शिक्षक कोष निर्णायक समिति रहने छः

क) अध्यक्ष वा गाउँ शिक्षा समितिको अध्यक्ष- संयोजक

ख) उपाध्यक्ष- सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत-सदस्य

घ) शिक्षा समितिका सदस्यहरू मध्येबाट सो समितिले सिफारिस गरेको एक जना- सदस्य

ङ) शिक्षा अधिकृत- सदस्य सचिव

**३.२ समितिको काम, कर्तव्य र अधिकारः**

क) कोषको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्ने ।

ख) आवश्यकता अनुसार बैठक बसी प्राप्त कागजातहरू अध्ययन गरी निर्णय गर्ने ।

## परिच्छेद-३

### ४. सर्त तथा बन्देजः

यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएता पनि निम्न सर्त तथा बन्देजहरू लागु हुनेछन्-

क)सट्टा शिक्षक नियुक्ति गर्नुपूर्व सम्बन्धित विद्यालयले शिक्षा शाखाको पुर्वस्वीकृति अनिवार्य लिनुपर्ने छ ।

ख)सट्ट शिक्षकको व्यवस्थापन गर्दा विद्यालयले जुन तहको शिक्षकको स्थानमा सट्टा शिक्षक नियुक्ति गर्ने हो सो तहका लागि न्युनतम शैक्षिक योग्यता हाँसिल गरेका शिक्षक नियुक्ति गर्नुपर्ने छ । यसको लागि अध्यापन अनुमति पत्र अनिवार्य नहुने तर अध्यापन अनुमति पत्र प्राप्त शिक्षकको निवेदन पर्न आएमा अध्यापन अनुमति पत्र प्राप्त शिक्षकलाई नै नियुक्ति गर्नुपर्ने छ । सट्टा शिक्षकको छनौट सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिले गर्ने छ ।

ग) बालविकास सहयोगि कार्यकर्ताको सट्टामा रहने शिक्षकको लागि मासिक रु. १०,०००।- (दश हजार मात्र), आधारभूत शिक्षक (साविक प्राथमिक र साविक निम्न माध्यमिक) शिक्षकको मासिक रु. २०,०००।- (बीस हजार मात्र ) र माध्यमिक शिक्षक (साविक माध्यमिक र उच्च माध्यमिक) को सट्टामा रहने शिक्षकको मासिक रु. २५,०००।- (पच्चीस हजार मात्र) उपलब्ध गरइने छ । विद्यालय कर्मचारी र संघीय सिकाइ अनुदान कोटामा नियुक्ति भएका शिक्षकको सट्टामा यो कार्यविधिको व्यवस्था लागि हुने छैन ।

घ) यस कार्यविधि अनुसार नियुक्ति पाएका शिक्षकहरूको निम्ति अधिकतम तिन (३) महिनाको लागि रकम निकासा दिईने छ ।

ङ) प्रसुती बिदा तथा बिरामीको हकमा शल्यक्रिया गर्नुपर्ने बिरामी वा प्रणघातक रोगको लागि उपचार गर्नुपर्ने भनी स्वीकृत चिकित्सकले सिफारिस गरेमा यस कार्यविधिको प्रक्रिया पुरा गरी सट्टा शिक्षकको नियुक्ति गर्नुपर्ने छ तर मादकपदार्थ वा अन्य लागु औषधि सेवन गरी दुर्घटना भई उपचार गर्नु परेमा, आत्महत्याको प्रयासबाट उपचार गर्नु परेमा, बिना सवारी चालक अनुमति पत्र सवारी चलाई दुर्घटनामा परी उपचार गर्नु परेमा, पूर्व जानकारी बिना विद्यालयमा अनुपस्थित भई दुर्घटना भएमा तथा प्रचलित कानुनले बर्जित गरेका क्रियाकलापमा सरिक भई उपचार गर्नु परेमा यो कार्यविधिको व्यवस्ता लागु हुने छैन

झुटा व्यहोरा पेश गरी भुक्तानी लिएको प्रमाणित भएमा विद्यालयले पाउने निकासाबाट कट्टा गरी रकम अशुलउपर गरिने छ ।

च) चैत्र महिना र विषेश परिस्थितिबस शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन नभएको अवस्थामा सट्टा शिक्षक नियुक्ति गर्न पाइने छैन ।

छ) बिदाको समयमा प्रसुती भएमा वा उपचार बिदामा बसेमा विद्यालय खुलेको दिनबाट मात्र सट्टा शिक्षक नियुक्त गर्नुपर्ने छ ।

ज) प्रसुती बिदा प्रचलित नियमानुसार र उपचार बिदामा बसेको हकमा सम्बन्धित शिक्षकको सञ्चित बिदाबाट कट्टा हुने छ र निजको संचित बिदा नभएमा विद्यालयले हाजिरीमा पेश्की बिदा जनाउनु पर्नेछ ।

झ) विद्यालयले उपचार बिदामा बस्ने शिक्षकको बिदाको विवरण विद्यालय व्यवस्थापन समितिको निर्णयसहित शिक्षा शाखामा पेश गर्नुपर्ने छ ।

ञ) सट्टा शिक्षक सम्बन्धि अन्य विषय दफा ३ को ३.१ बमोजिमको गठित समितिले आवश्यक्ताको आधारमा सामुदायिक विद्यालयमा सिफारिस गर्न सक्ने छ ।

ट) सट्टा शिक्षक सम्बन्धी निर्णय लिने अधिकार दफा ३ को ३.१ बमोजिम गठित समितिमा निहित हुने छ ।

## परिच्छेद-४

### ५.१ बाधा अड्काउ फुकाउः

यो कार्यविधिको उद्देश्य कार्यान्वयित गर्न कुनै बाधा परेमा गाउँ कार्यपालिकाले आवश्यक कार्यविधि थप गरी कार्यान्वयन गर्न सक्ने छ । यस्तो कार्यविधि यसै कार्यविधिमा परे सरह मानिने छ । यस कोषमार्फत हालसम्म भए गरेका खर्चहरू यसै बमोजिम भएको मानिने छ ।

**५.२ बचाउः** यो कार्यविधिमा लेखिए जति कुरा सोही बमोजिम र नलेखिएका कुरा प्रचलित नियमबमोजिम हुने छ ।

अनुसूचि-१

(सम्बन्धित शिक्षकले दिने निवेदनको धाँचा)

मितिः.........................

श्री प्रधानाध्यापक ज्यू,

श्री ........................विद्यालय

रावाबेसी गाउँपालिका वडा नं ,.................खोटाङ ।

**विषयःप्रसुती/उपचार बिदा सम्बन्धमा ।**

प्रस्तुत विषयमा...........................विद्यालयमा कार्यरत ......................................तहमा ................श्रेणीको शिक्षक/पूर्व प्राथमिक शिक्षक म ...........................................................मिति............................ देखि मिति......................................सम्म सुत्केरी/.....................बिरामी भई ..............................................

अस्पतालमा उपचारको बस्नुपर्ने भएको हुँदा मैले नियमानुसार पाउने सुत्केरी बिदा/सञ्चित बिदाबाट कट्टी हुनेगरी बिदा स्वीकृतिका लागि आवश्यक कागजातहरू यसै निवेदनका साथ संलग्न गरी हार्हिक अनुरोध गर्दछु ।

निवेदक

दस्तखत.................

नामः..........................

ठगानाः........................

स्वीकृत मिति २०८०।११।०४ आज्ञाले

....................

सरोज रेग्मी

प्रमुख प्रशासकीय अधिकृत